# अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

**सुनकोशी गाउँपालीका**

वर्ष : २०७९/०८०   (सुनकोशी) संख्या :   मिति : २०७९/१२/२३

**भाग-१**

**सुनकोशी गाउँपालीका**

**गाउँ कार्यपालिका बैठकबाट पारित मिति** २०७९/१२/२३

**प्रमाणीकरण मिति :.....................**

## गाउँपालिका स्तरिय मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति (गठन तथा परिचालन) कार्यविधि २०७९

### प्रस्तावना:-

मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ जुन विशेष ऐनको रुपमा रहेको छ। यस विशेष ऐनलाई प्रभावकारी कार्यान्वयन गर्नका लागि निर्मित मानव बेचविखन तथा ओसार पसार (नियन्त्रण) नियमावली २०६५, मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) (पहिलो संशोधन) नियमावली २०७७ र मानव बेचबिखन विरुद्धको स्थानीय समिति (गठन तथा परिचालन) निर्देशिका २०६५ अनुसार मानव बेचविखन तथा ओसारपसारलाई नियन्त्रण गर्नका

लागी केन्द्र देखि स्थानीय तह सम्म समितीहरु गठन तथा परिचालन गर्ने व्यवस्था गरेको छ। यसै ऐन र नियामावली तथा निर्देशिका अनुसार विगतमा केन्द्रिय समिती, जिल्ला समिती र स्थानिय समितीहरु गठन तथा परिचालन गरि रोकथाम ,संरक्षण, अभियोजन लगायतका कार्य गर्दै आएको छ। यसै क्रममा समन्वय र सहकार्यलाई पनि उच्च प्राथमिकताका साथै मानव बेचबिखन तथा ओसार पसारलाइ नियन्त्रण गर्ने बिविधकार्यहरु गरिरहेको छ। यसै अनुसार स्थानीय स्तरमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी समितिहरूको गठनमा एकरूपता ल्याउन तथा परिचालन गर्ने प्रयोजनका लागि कार्यविधिको आवश्यकतालाई मनन गर्दै गाउँस्तरिय समितिको गठन तथा काम, कर्तव्य र अधिकार निर्धारणका लागि यो कार्यविधि तयार पारिएको हो।

नेपालको संबिधान को भाग ३ को धारा २९ मा उल्लेखित शोषण विरुद्धको हकको उपधारा ३ मा कसैलाइ पनि वेचबिखन गर्न, दास वा वधुवा बनाउन पाइने छैन र कसैलाई पनि निजको इच्छाविपरित काममा लागाउन पाइने छैन भनि स्पष्ट उल्लेख गरिएको छ। साथै संघीय राज्यको व्यवस्था मुताविक स्थानीय सरकार संचालन ऐन, २०७४ अन्तंगत स्थानीय तह संचालन हुदै आइरहेका छन। उक्त ऐनको दफा १४ मा स्थानीय सरकारले विभिन्न विषयगत समिती उप-समितीहरुको गठन गर्नसक्ने व्यवस्था गरे मुताविक मानव वेचविखन तथा ओसारपसार नियन्त्रण नगर स्तरीय तथा वडा समिती गठन गर्न ,कार्यन्वयन गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार अनुसार अनुगमन तथा प्रभावकारी बनाउन वाञ्छनीय भएकोले सुनकाशि गाउँपालिको मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण (गठन तथा परिचालन) कार्यविधि, २०७९ जारी गरेको छ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम "मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण समिती (गठन तथा परिचालन) कार्यविधि २०७९" रहने छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) "स्थानीय तह" भन्नाले सुनकाशि गाउँपालिका सम्झनु पर्दछ ।

(ख) "वडा कार्यालय" भन्नाले सुनकाशि गाउँपालिकाको वडा नं १ देखि ७ नम्बर सम्मका सबै वडा कार्यालय सम्झनु पर्दछ ।

(ग) "समिती" भन्नाले मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण समिती सम्झनु पर्दछ ।

(घ) "गाउँपालीका स्तरीय समिती" भन्नाले मानव बेचविखन तथा ओसारपसार नियन्त्रण सुनकोशी गाउँपालिका स्तरीय समिती सम्झनु पर्दछ ।

(ङ) "वडा समिती" भन्नाले मानव बेचविखन तथा ओसार पसार नियन्त्रण सुनकोशी गाउँपालिका वडा नं १ देखि ७ नम्बर सम्मका सबै वडामा गठित समिती सम्झनु पर्दछ ।

## परिच्छेद - २

## गाउँपालिका स्तरीय समिती

३. **मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण नगर स्तरीय समितीको गठन देहाय बमोजिम हुनेछ :**

(१) गाउँपालिकाको आयोजनामा स्थानीय महिला समूह, लैङ्गिक हिंसा निवारणको लागि निगरानी समूह, गाउँ बाल सन्जाल, गाउँ बाल संरक्षण समिति, स्थानीय पत्रकार, समाजसेवी, विभिन्न संघ संस्था, स्वास्थ्य स्वय सेविका तथा स्थानिय विद्यालयका शिक्षकशिक्षिका, स्थानिय प्रहरी आदिको उपस्थितीमा गाउँपालिका स्तरीय भेला गर्ने । उक्त भेला गाउँपालिकाको प्रमुखको अध्यक्षतामा बस्ने छ ।

(२) सोही भेलाले देहायका प्रतिनिधिहरूको मनोनयन गरी गाउँ स्तरिय समिति गठन गर्नेछ ।

४. **मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण गाउँपालिका स्तरीय समिती सम्बन्धी व्यबस्था देहाय बमोजिम हुनेछ:**

(१) स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १४ अनुसार मानव बेचबिखन तथा ओसार पसारलाई नियन्त्रण गर्नका लागि सुनकोशी गाउँपालीकामा देहायबमोजिमको गाउँ स्तरीय समिती रहनेछ ।

तपसिल :

(१) संयोजक : गाउँपालिका अध्यक्ष

(२) सदस्य : न्यायीक समितिको संयोजक

(३) सदस्य : प्रमुख प्रशासकिय अधिकृत

(४) सदस्य : प्रमुख, ईलाका प्रहरी कार्यालय

(५) सदस्य : सामाजिक विकास समिति संयोजक

(६) सदस्य : संयोजक गाउँपालिका स्तरिय वाल सञ्जाल

(७) सदस्य : प्रमुख, स्वास्थ्य शाखा

(८) सदस्य : संयोजक, रोजगार सेवातथा सुचना केन्द्र

(९) सदस्य : प्रमुख, शिक्षा शाखा,

(१०) सदस्य : प्रमुख, कृषी तथा पशुविकास शाखा

(११) सदस्य : स्थानिय , पत्रकार प्रतिनिधि

(१२) सदस्य : अध्यक्ष, उद्योग वाणिज्य संघ

(१३) सदस्य : प्रमुख सामाजिक विकास शाखा

(१४) सदस्य : बेचविखन तथा ओसारपसार विरुद्धको क्षेत्रमा काम गर्ने गै.स.स.संस्थाको प्रतिनिधि १ जना

(१५) सदस्य : मानव बेचबिखन तथा ओसारपसार पीडित व्यक्तिहरु मध्येबाट सम्वन्धित

स्थानीय तहले मनोनीत गरेको एक जना सदस्य-उपलब्ध भए सम्म) वा

(१६) सदस्य : महिला स्वयम सेविका वा संन्जाल गाउँ स्तरिय

(१७) सदस्य-सचिव : प्रमुख महिला तथा बालबालिका शाखा

५. गाउँपालिका स्तरीय समितीले कानुनी संरचनागत, कार्य विधीगत तथा अन्य आवश्यक विषयमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समिती, बागमती प्रदेशको सामाजिक विकास मन्त्रालय, महिला बालबालिका तथा जेष्ठ नागरीक मन्त्रालय लगायत सम्बन्धित निकायसंग समन्वय गर्नेछ।

## परिच्छेद - ३

## गाउँपालिका स्तरीय समितिको काम, कर्तव्य र अधिकार

६. गाउँपालिका स्तरीय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

- मानव बेचबिखन तथा ओसारपसार विरुद्ध स्थानीय अभियान तथा कार्यक्रमहरु सञ्चालन गर्ने।
- मानव बेचबिखन तथा ओसारपसार सँग सम्बन्धित स्थानीयतहमा लगत तथा अभिलेख अद्यावधिक गर्ने।
- पिडित सहायताका लागि आवश्यक अन्तर्निकाय तथा अन्तर स्थानीयतह समन्वय तथा सिफारीसको कार्य गर्ने।
- स्थानीय स्तरमा पिडित सहायता तथा मानव बेचबिखन विरुद्धका कार्यक्रमहरु सञ्चालन गर्न मानव बेचबिखन विरुद्धको कोष स्थापना र सञ्चालन गर्ने।
- स्थानीयतहमा सरोकारवालाहरु माझ मानव बेचबिखनका विविध विषयमा प्रशिक्षण तथा क्षमता विकास गोष्ठी सञ्चालन गर्ने।
- स्थानीय स्तरका कार्यक्रमहरु सञ्चालन गर्न अन्य सरकारी निकाय, गैसस तथा निजि क्षेत्रसँग सहकार्य र समन्वय गर्ने।
- प्रत्येक वडामा वडा अध्यक्ष वा तोकिएको सदस्यको संयोजकत्वमा मानवबेच विखन विरुद्धको वडास्तरीय समिति गठन र परिचालन तथा सबलीकरण गर्ने।

• गाउँपालिका स्तरीय समितिको वैठक बार्षिक न्युनतम ६ पटक र आवश्यकत अनुसार सो भन्दा बढी पनि बस्न सक्नेछ।

• गाउँपालिका रहेका रोजगार प्रवर्द्धन, महिला विकास, वाल अधिकार प्रवर्द्धन, कृषि विकास, पशु विकास वा यस्तै समुदायमा केन्द्रित कार्यक्रमहरूलाई पीडित तथा जोखिम क्षेत्रका बासिन्दाहरूलाई लक्षित गरी सञ्चालन गर्ने।

## परिच्छेद - ४

## वडा स्तरीय समिती

७. मानव बेचबिखन **विरुद्धको वडा स्तरीय समितिको गठन देहाय बमोजिम हुनेछ :**

(१) वडाको आयोजनामा स्थानीय महिला समूह, लैङ्गिक हिंसा निवारणको लागि निगरानी समूह वाल क्लव, स्थानीय पत्रकार, समाज सेवी, विभिन्न संघ संस्था, स्वास्थ्य स्वयमसेविका तथा स्थानिय विद्यालयका शिक्षकशिक्षिका, स्थानिय प्रहरी आदीको पस्थितीमा वडा स्तरीय भेला गर्ने। उक्त भेला वडा अध्यक्षको अध्यक्षतामा बस्ने छ।

(२) सोही भेलाले देहायका प्रतिनिधिहरूको मनोनयन गरी वडा स्तरिय समिति गठन गर्नेछ।

८. वडा स्तरीय समिती **सम्वन्धि व्यवस्था देहाय बमोजिम हुनेछ :**

(१) स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १४ अनुसार स्थानीय सरकारले विभिन्न विषयगत समिती उप-समितीहरुको गठन गर्नसक्ने व्यवस्था रहेको र मानव वेच विखन तथा ओसारपसार नियन्त्रणका लागि सुनकोशी गाउँपालिको प्रत्येक वडामा देहाय वमोजिमको वडा स्तरीय समितीगठन गर्नेछ।

**तपसिल :**

(१) **संयोजक : वडा अध्यक्ष, (वा निजले तोकेको व्यक्ति)**

(२) **सदस्य : महिला प्रतिनिधि, वडा स्तरीय**

(३) **सदस्य : सिमान्तकृत तथा दलित समुदायवाट महिला**

(४) **सदस्य : महिला समूह/किशोरी समूह**

(५) सदस्य : बाल क्लब

(६) सदस्य : प्रधानाध्यापक, वडा भित्रका सवैभन्दा उच्चतहको विद्यालय

(७) सदस्य : प्रमुख, स्थानीय स्वास्थ्य सेवा केन्द्र

(८) सदस्य : स्थानीय प्रहरी कार्यालय

(९) सदस्य : स्थानीय तहमा क्रियाशील संघ संस्थाका प्रतिनिधि १ जना

(१०)सदस्य : मानव बेचविखन तथा ओसारपसार पीडित व्यक्तिहरु मध्येवाट सम्वन्धित स्थानीय तहले मनोनीत गरेको एक जना सदस्य (उपलब्ध भए सम्म)

(११) सदस्य सचिव : वडा सचिव

## परिच्छेद - ५

## वडा स्तरीय समितिको काम, कर्तव्य र अधिकार

९. वडा स्तरीय मानव बेचबिखन विरुद्धको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

- मानव वेचविखन तथा ओसार पसार विरुद्ध स्थानीय अभियान तथा कार्यक्रमहरु सञ्चालन गर्ने । आफनो कार्यक्षेत्र भित्र पीडितको उद्धार तथा संरक्षणको व्यवस्था गर्दै, पीडित सहायताका लागि आवश्यक अन्तर्निकाय तथा अन्तर स्थानीयतह समन्वय तथा सिफारीसको कार्य गर्ने ।

- स्थानीय तहमा सभा सदस्य तथा सरोकारवालाहरु माझ मानव वेचविखनका विविध विषयमा प्रशिक्षण तथा क्षमता विकास गोष्ठी सञ्चालन गर्ने ।

- वडा स्तरीय समितिको वैठक बार्षिक न्युनतम ६ पटक र आवश्यक्ता अनुसार सो भन्दा वढी पनि वस्न सक्नेछ ।

१. मानव बेचविखन तथा ओसार पसार नियन्त्रण नगर स्तरीय समितीका पदाधिकारीहरुले सो समितिको बैठकमा भागलिए वापत नगर कार्यपालिकाले तोके वमोजिमका रकम वैठक भत्ता वापत पाउने छन्।

२. आवश्यक निर्देशन तथा सुझाव दिन सक्नेछ र दिइएको सुझाव तथा निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

३. मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण नगर स्तरीय समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

४. मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण नगर स्तरीय समितिकोबैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा वस्नेछ।

५. मानव बेचविखन तथा ओसार पसार नियन्त्रण नगर स्तरीय समितीका कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा वढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

६. समितिले बैठकमा आवश्यकता अनुसार गाउँपालिकाको कुन कर्मचारी, पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकका रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

१०. विविध :

१. वाभिएको हद सम्म अमान्य : यो कार्यविधिमा प्रावधान संघिय तथा प्रदेश कानून संग वाभिएमा वाभिएको हद सम्म अमान्य हुनेछ।

२. भए गरेको मानिने : यस अघि यस गाउँपालिका वाट यस सम्बन्धि भए गरेका काम कारवाहि यसै वमोजिम भए गरेको मानिने छ।

३. वाधा अडकाउ फुकाउने : यस कार्यविधिको कार्यान्वयनमा कुनै वाधा अडकाउ परेमा वाधा अड्काउ कार्यपालिकाले निणर्य गर्न सकिने छ।

आज्ञाले
अर्जुन दर्जी
प्रमुख प्रशासकिय अधिकृत